## मिति २०६६/४/२५ का दिन बसेको बोर्डबाट भएका निर्णयहरु

१. विषयसूची नं. १, २, ३, ४ र ५ अनुसारको विवरण जानकारी गराउने कार्य भयो ।

२. विषयसूची नं. ६ अनुसार आर्थिकबर्ष २०६५/६६ को आय ब्यय विवरण तथा बार्षिक प्रगति विवरण प्रस्तुत भयो ।

३. विषयसूची नं. ७ अनुसार आर्थिकबर्ष २०६६/६७ को संलग्न आय ब्यय तथा बार्षिक कार्यक्रम स्वीकृत गर्ने निर्णय भयो ।

४. (क) विषयसूची ९ अनुसार मिति ३० जुन २००९ (२०६६/३/१६) मा कतारमा भएको पानीजहाज दुर्घटनामा परी मृत्यु भएका १२ जना मध्ये बैदेशिक रोजगार ऐन, नियम अनुसार गएका कामदारहरुलाई बैदेशिक रोजगार नियमावली २०६४ को नियम २८ (१) बमोजिम रु एक लाख रुपैयाका दरले आर्थिक सहायता दिने निर्णय भयो ।

(ख) 'क' मा उल्लेख भएका बाहेक बैदेशिक रोजगार ऐन, नियम विपरित गएका कामदारहरुको हकमा एउटै दुर्घटनामा परेको कारण मानवीयताको आधारमा राहत स्वरुप रु.९९,०००।- (उनान्सय हजार) का दरले आर्थिक सहायता दिने । साथै, निजहरुलाई विदेश पठाउने संस्था वा ब्यक्ति बारे मृतकका परीवार मार्फत जानकारी लिई कडाईका साथ कारवाई गर्न सिफारिस गर्ने निर्णय भयो ।

५. विषयसूची १२ अनुसार लेखा अधिकृत १ र सहलेखापाल १ पदमा बोर्डको चालुखर्च तर्फ बिनियोजित तलब भत्ता शीर्षकबाट तलब भत्ता खाने गरी काजमा राख्न सम्बन्धित निकायसँग माग गर्ने निर्णय भयो ।

६. (क) बैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गरी बैदेशिक रोजगारमा गई मृत्यु भएका मध्ये देहायका कामदारका नजीकका नातेदारहरुले बैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ (१) को म्याद (६ महिना) पछि निवेदन दिएको सम्बन्धमा कार्यकारी निर्देशकले छानबीन गरी अरु कुनै प्रकारको आर्थिक सहायता लिएको नदेखिएमा राहतस्वरुप रु ९९,००००/ (उनान्सय हजार) का दरले आर्थिक सहायता दिने निर्णय भयो ।

तपसील

| क्र.स. | मृतकको नाम, थर | निवेदकको नाम, थर र नाता |
|---|---|---|
| १. | केजक गुरुङ्ग | युगमाया गुरुङ्ग (श्रीमती), थप्रेक ७, तनहुँ |
| २. | देव नारायण श्रेष्ठ | चन्द्रकुमारी श्रेष्ठ (श्रीमती), रानीचुरी ७, सिन्धुली |

(ख) बैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गरी बैदेशिक रोजगारको सिलसिलामा मलेशिया गएका कामदार मान बहादुर तामाङ्ग (कटुन्जे-५, ओखलढुङ्गा) दुर्घटनामा परि देब्रे हात कुहिना भन्दा माथिसम्म काटिएको र त्यस्तो अवस्थामा अशक्तताको प्रतिशत ७० कायम गरी अशक्तताको आधारमा रु ७०,०००/ आर्थिक सहायता दिने निर्णय भयो ।

७. विषय सूची ८, १०, ११, १३, १४ र १५ सम्बन्धमा अर्को बैठकमा पेश गर्ने गरी वैठक स्थगित गरियो ।

ऐनको दफा ४० (६) बमोजिम प्रमाणित

२०६६।४।२५

(स्थानेश्वर देवकोटा)
सदस्य सचिव